# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल


visit nepal 2020 Lifetime Experiences

प.सं.:२०७६/७७
च.नं:

मितिः- २०७६।१२।०३

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग गुल्मी ५ नं प्रदेश, नेपाल

**विषय: १०० प्रतिशत वोयरबोका वितरणको लागि प्रस्ताव आह्वानको सूचना**

सत्यवती गाउँपालिकाको आ.व. ७६/७७ को पशुपंक्षी विकास तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ७० प्रतिशत अनुदानमा केही संख्यामा वोयरबोका वितरण गर्ने कार्यक्रम रहेको हुँदा तपशिलका शर्त पालना गर्न इच्छुक समूह र दर्तावाल बाखा फार्मबाट तपशीलमा उल्लेखित कागजात सहित १५ दिन भित्र प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

१. छनौट भएको समूह र फार्मले ३० प्रतिशत रकम व्यहोर्नु पर्ने छ ।
२. बोका पालनका लागि छनौट भएको समूह र फर्मले कम्तिमा पनि ७ वर्षसम्म बोका बेच्न पाईने छैन ।
३. प्रत्येक १८ महिनामा हाडनाता नपर्नेगरी बोका साटासाट गर्नुपर्ने छ ।
४. बोका पालक कृषकले अनिवार्य रुपमा प्रजनन् र उत्पादन रेकर्ड राख्नु पर्ने छ । जसको लागि रजिस्टर र रेकर्ड कार्ड गाउँपालिकाले उपलब्ध गराउने छ ।
५. चौमासिक रुपमा प्रजनन र उत्पादनको विवरण गाउँपालिकालाई उपलब्ध गराउनु पर्ने छ ।
६. बोकाको बिमा अनिवार्य गराउनु पर्ने छ ।
७. प्रजनन शुल्क वापत फार्मले प्रति बाखा रु. २०० र समूहको हकमा समूहको निर्णय अनुसार लिनु पर्ने छ ।
८. बोकाको स्वास्थ्य परिक्षण र भ्याक्सिनेसनको लागि गाउँपालिकाको पशुपंक्षी विकास शाखासँग समन्वय गर्नुपर्ने छ ।
९. समुहको बोका पाल्ने कृषकको खोर सुधारिएको हुनुपर्नेछ ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु :-**

- निवेदन
- दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूहको निर्णय प्रतिलिपि
- वडा कार्यालयको सिफारिस
- शर्त पालन गर्ने प्रतिबद्धतापत्र

२०७६।१२।३

**यादव भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत